# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२२७ बारा, २०८३ असोज २३ गते शुक्रबार / चतुर्दशी / नेपाल संवत् ११४६ / Friday, October 9 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## निजगढमा कुटपिटबाट श्रीमतीको मृत्यु, श्रीमान् पक्राउ



निजगढ,२२ असोज/बाराको निजगढ नगरपालिका( १२ रामथलीमा घरायसी विवादका क्रममा श्रीमान्को कुटपिटबाट घाइते आज श्रीमतीको मृत्यु भएको छ। मृत्यु हुनेमा स्थानीय ४७ वर्षीया सुकुमाया मोक्तान रहेकी छिन् ।

घरायसी विवादका क्रममा ५५ वर्षीय विजय मोक्तानले बुधवार राति आफ्नै श्रीमती सुकुमायालाई लहराको टुक्राले प्रहार गरेका थिए। कुटपिटबाट घाइते भएकी सुकुमायालाई घरमै स्थानीय मेडिकलका स्वास्थ्यकर्मी बोलाएर जाँच गराइएको थियो । उपचारपछि राति ८ बजे खाना खाएर सुतेकी उनलाई बिहिवार बिहान ४ बजे श्रीमान् विजयले उठाउन खोज्दा मृत अवस्थामा भेटिएकी हुन् ।

श्रीमतीको मृत्यु भएपछि विजय आफैंले बिहान अस्थायी प्रहरी पोष्ट रतनपुरमा घटनाबारे जानकारी गराएका थिए । घटनाको खबर प्राप्त हुनासाथ प्रहरी सहायक निरीक्षक तथा इलाका प्रहरी कार्यालय निजगढबाट प्रहरी निरीक्षक दाताराम अधिकारीसहितको नेतृत्वमा प्रहरी टोली घटनास्थलमा पुगेको थियो ।

प्रहरीले शव शल्य परिक्षण ( पोस्टमार्टम) को लागि प्रादेशिक अस्पताल कलैया पठाएको छ भने कुटपिटमा संलग्न विजयलाई नियन्त्रणमा लिएको छ ।

सुकुमायाको मृत्यु कुटपिटकै कारण भएको हो वा अन्य कारणले भन्ने विषयमा आवश्यक अनुसन्धान तथा परीक्षणपछि थप स्पष्ट हुने इलका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक दाताराम अधिकारीले बताउनुभएको छ

## कांग्रेस महाधिवेशनमा बाराबाट विभिन्न पदमा १४ जना उम्मेदवार चुनावी मैदानमा

निजगढ, २२ असोज/नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत नयाँ केन्द्रीय नेतृत्व चयनका लागि आज हुने भनिएको निर्वाचन भोलिको लागि सरेको छ ।

कांग्रेस केन्द्रीय निर्वाचन समितिका अनुसार, अब शुक्रबार बिहान ७ बजेबाट मतदान सुरु गरिनेछ । केही प्राविधिक कारण र तयारी नपुगेकाले मतदान समय सारिएको निर्वाचन समितिले जनाएको छ । कांग्रेस महाधिवेशनमा चौथो पटक समय सारिएको हो ।

महाधिवेशनमा बारा जिल्लाबाट सहभागी महाधिवेशन प्रतिनिधिहरुमध्ये विभिन्न पदमा १४ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

महाधिवेशनअन्तर्गत नयाँ केन्द्रीय नेतृत्वको लागि समावेशी उपसभापतिमा पदमा बारा जिल्ला कांग्रेसका नेता एंव पूर्वसहमहामन्त्री फरमुल्लाह मंसुरले उम्मेदवारी दिनुभएको छ भने अन्य १३ जनाले विभिन्न क्लस्टर तथा खुल्लाबाट केन्द्रीय सदस्य पदका लागि उम्मेदवारी दिएका हुन ।

बाराबाट खुल्लाबाट केन्द्रीय सदस्यको लागि उम्मेदवार दिनेमा संविधानसभा सदस्य शोभाकर पराजुली र युवा नेता नवराज त्रिपाठी रहेका




छन ।

त्यसैगरी आदिवासी जनजाति महिला क्लस्टरबाट शोभा लामा तथा मधेशी केन्द्रीय सदस्यमा कृष्णव्रत सिंह र रविन्द्र पनुहरले प्रतिस्पर्धा गर्दैछन् । मधेशी महिलातर्फ तारादेवी कानु र मधेश प्रदेश महिला कोटामा मेघा शाहीको उम्मेदवारी परेको छ ।

मधेश प्रदेश खुल्लातर्फ शम्भुबहादुर बुढाथोकी र हरि थपलिया मैदानमा छन् । यसपटक नेतृत्वमा युवाहरूको पनि उत्साहजनक सहभागिता देखिएको छ। युवा कोटा ( ३५ वर्षमुनि) तर्फ युवा महिलामा बाराकी ममता शर्मा र युवा खुल्लामा राजीव चौधरीले मनोनयन दर्ता गराएका छन्

त्यसैगरी बाराकै शिव लम्सालले

बाँकी तेश्रो पेजमा

## देउवा समूहको निजगढ नगर अधिवेशन भोलि, सभापतिमा ५ जना आकांक्षी

निजगढ, २२ असोज/नेपाली काँग्रेस शेरबहादर देउवा समूहको १५औं महाधिवेशनअन्तर्गत निजगढ नगर अधिवेशन शुक्रवार हुने भएको छ ।

नगर सभापती पदमा सहमति हुन नसक्दा सो समूहको केन्द्रीय कार्यतालिका अनुसार गत असोज २० गतेको लागि तय गरिएको नगर अधिवेशन अनिश्चित बन्दैआएको थियो

निजगढ नगर अधिवेशन सम्पन्न गर्न देउवा समूहबाट संयोजक तोकिनुभएका अमिर लामाले भोलि शुक्रवार निजगढ ९ स्थित होटल राजमार्गमा बिहान ११ बजेबाट अधिवेशन सुरु हुने बताउनुभयो । सभापति पदमा सहमति निर्माण गर्न आकांक्षीहरुबीच छलफल जारी रहेको तर अहिलेसम्म कुनै सहमति भइनसकेको संयोजक लामाले जानकारी दिनुभयो ।

'अन्तिम समयसम्म पनि सर्वसम्मत नेतृत्व चयनको प्रयास गरिने छ, उहाँले भन्नुभयो, सहमति हुन नसके अधिवेशनको बन्द सत्रबाटै नयाँ नेतृत्व चयन गरिने छ ।'

निजगढ नगर सभापतिको लागि निजगढ नगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष मंगले लोप्चन, निजगढ ९ का खडकराज मैनाली, निजगढ नगरपालिका वडा नम्बर ५ की सीता अधिकारी र निजगढ ९ कै प्रदीपकुमार उप्रेतीले दाबी गर्नुभएको छ ।

वडा अध्यक्ष लोप्चन र उप्रेतीले कांग्रेस संस्थापन पक्षको वडा अधिवेशनबाट निर्वाचित क्षेत्रीय प्रतिनिधि पदबाट राजिनामा दिएर नगर सभापतीमा दाबी गरेका हुन भने मैनाली









र अधिकारी गगन थापा समूहले आयोजना गरेको विशेष महाअधिवेशनको विपक्षमा थिए । लोप्चन र उप्रेती २ साताअघि भएको वडा अधिवेशनबाट सर्वसम्मत रुपमा क्षेत्रीय प्रतिनिधिमा चुनिएका थिए ।

सभापति पदमा सहमतिको लागि चारै जना आकांक्षीबीच यसअघि पटक पटक भएको छलफल निष्कर्षविहिन बनेपछि निजगढमा देउवा समूहको नगर समिति गठन प्रक्रिया जटिल बन्दैआएको छ ।

## प्रसौनी बजारमा घटस्थापनादेखि सप्तमीसम्म माछा/मासु पसल बन्द हुने



कलैया, २२ असोज/बाराको प्रसौनी गाउँपालिका( २ वडा कार्यालयले प्रसौनी चौक तथा बजार क्षेत्रमा सञ्चालित माछा(मासु पसल घटस्थापनादेखि सप्तमी तीथिसम्म बन्द गर्न सूचना जारी गरेको छ ।

वडा नम्बर २ को वडा कार्यालयले आज एउटा सूचना निकालेर वडा दशैंको अवसरमा प्रसौनी चौकमा दुर्गा पूजा हुन लागेको र पूजा अवधिभर माछा तथा मासु पसल बन्द गरी सहयोग गर्न सम्बन्धित व्यवसायीलाई आग्रह गरेको हो ।

वडा अध्यक्ष हिरदयकुमार साह तेलीले हस्ताक्षर गरेर जारी गरेको सूचनामा २०८३ असोज २५ गतेदेखि दुर्गा पूजा सञ्चालन हुने उल्लेख गर्दै घटस्थापनाको दिनदेखि सप्तमीसम्म पसल बन्द गर्न भनिएको छ ।

वडा कार्यालयले सूचनाको अवज्ञा गरी पसल सञ्चालन गरे कानुनबमोजिम कारबाही हुने चेतावनीसमेत दिएको छ

कार्यालयले सूचना कार्यान्वयन तथा आवश्यक सुरक्षा व्यवस्थाको लागि प्रसौनी गाउँपालिकाको कार्यालय र इलाका प्रहरी कार्यालय प्रसौनी नौतनलाईसमेत बोधार्थ पठाइएको छ।

## कलैयामा ८ लाख ६२ हजार बढीको सामान बरामद

कलैया, २२ असोज/सशस्त्र प्रहरीसहितको टोलीले बाराको कलैया उपमहानगरपालिका( ४ का राजेश केशरीको घरबाट आठ लाख भन्दा बढीका सामानहरू बरामद गरेको छ ।

भन्सार छली ल्याइएका सामानहरू भण्डारण गरी राखेको भन्ने सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल नं. १२ गण हेडक्वाटर, आन्तरिक राजस्व कार्यालय सिमरा र जिल्ला प्रहरी कार्यालय बाराको संयुक्त टोलीले खानतलासी गरी सामानहरू बरामद गरेको हो ।



केशरीको घरमा खानतलासी गर्दा करिब आठ लाख ६२ हजार आठ सय ६५ रुपैयाँ बराबरको बिलबिजक नभएका सामानहरू बरामद गरिएको सशस्त्र प्रहरी नायब उपरीक्षक बिक्रम

बाँकी तेश्रो पेजमा

## कोल्हबीमा देउवा समूहको नगर अधिवेशन

कोल्हबी, २२ असोज/बाराको कोल्हबीमा नेपाली काँग्रेस शेरबहादर देउवा समूहले बुधवार नगर अधिवेशन सम्पन्न भएको छ ।

कोल्हबीस्थित बीपी स्मृति भवनमा तत्कालिन नगर सभापति वीरेन्द्रप्रसाद चौधरीको अध्यक्षतामा भएको अधिवेशनको उद्घाटन कोल्हबी नगरपालिकाका नगर प्रमुख तथा कांग्रेस बाराका पूर्वजिल्ला सचिव रामप्रसाद चौधरीले गर्नुभएको थियो ।

कार्यक्रममा नगर प्रमुख चौधरीले कांग्रेसको १५औं महाधिवेशनलाई लिएर पार्टीभित्र देखिएको गतिविधिबारे धारणा राख्नुभएको थियो । उहाँले १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिले आयोजना गरेको महाधिवेशनमा आफू सहभागी भएको बताउँदै विशेष महाधिवेशनको प्रक्रियामाथि प्रश्न

बाँकी तेश्रो पेजमा

## सम्पादकीय........

# सुरक्षित यात्राको जिम्मेवारी

दसैं नेपालीहरूको महान् पर्व मात्र होइन, परिवार र आफन्तसँग भेटघाट गर्ने विशेष अवसर पनि हो ।

दसैं नजिकिँदै जाँदा रोजगारी, अध्ययन तथा विभिन्न कामका लागि सहरमा बसेकाहरू गाउँघर फर्किन थालेपछि सडक तथा बसपार्कमा यात्रुको ठूलो भिड देखिन थालेको छ । लामो समयपछि आफ्नो जन्मघर र परिवारसँग दसैं मनाउने उत्साहले यात्रुहरूमा खुसी बढाएको छ । तर अत्यधिक भिडका कारण सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु राख्ने, असुरक्षित रूपमा यात्रा गराउने तथा यात्रुसँग मनपरी भाडा असुल्ने प्रवृत्ति भने रोक्न आवश्यक छ ।

दसैंको समयमा यात्रुको चापलाई ध्यानमा राख्दै सरकारले पर्याप्त सवारीसाधनको व्यवस्था, नियमित अनुगमन र प्रभावकारी ट्राफिक व्यवस्थापन गर्नुपर्छ । यातायात व्यवसायीले पनि यात्रुको सुरक्षालाई पहिलो प्राथमिकता दिँदै सवारीसाधनको अवस्था जाँच गरेर मात्र सञ्चालन गर्नुपर्छ ।

यात्रुसँग तोकिएकोभन्दा बढी भाडा लिनु, कमिशनका नाममा अतिरिक्त रकम असुल्नु वा टिकटमा अनियमितता गर्नु कुनै पनि हालतमा स्वीकार्य हुँदैन । कमिशनरहित, पारदर्शी र उचित भाडादरमा सेवा उपलब्ध गराउनु यातायात व्यवसायीको जिम्मेवारी हो । यात्रुहरूले पनि हतारमा जोखिमपूर्ण सवारीसाधन चढ्नुको सट्टा आधिकारिक टिकट लिएर सुरक्षित यात्रा गर्नुपर्छ

दसैंको खुसी सुरक्षित यात्राबाट मात्र पूर्ण हुन्छ । त्यसैले चालक, यातायात व्यवसायी, सरकार, ट्राफिक प्रहरी र यात्रु सबैले आ(आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ । सडक दुर्घटना, ठगी र असुरक्षित यात्राका कारण कसैको दसैं दुःखद नबनोस् भन्नेमा सबै सचेत हुन आवश्यक छ ।

सुरक्षित सवारी, उचित भाडा, कुनै कमिसन र यात्रुप्रति सम्मान नै यस वर्षको दसैं यात्राको मूल मन्त्र बन्नुपर्छ । सबै नेपालीले सुरक्षित रूपमा गाउँघर पुगेर परिवारसँग प्रेम, सद्भाव र उमङ्गका साथ समग्रमा सुखद, शान्तिपूर्ण र खुसी दसैं मनाउन सकून् ।

# पर्यटनबाट मधेश रूपान्तरण



डा. दीपक चौधरी

- मधेश प्रदेशमा धार्मिक, सांस्कृतिक र सम्पदाको अपार सम्भावना
- पर्यटन क्षेत्र कृषि र उद्योगको पूरक आर्थिक क्षेत्र बन्न सक्छ
- पर्यटनले महिला र युवाका लागि रोजगारीका अवसर सिर्जना

मधेशको समृद्धिको यात्रा केवल कृषि, उद्योग वा वैदेशिक रोजगारीमा मात्र निर्भर रहन सक्दैन । पर्यटनले केवल पर्यटक ल्याउँदैन रोजगारी ल्याउँछ, आय बढाउँछ, संस्कृति जोगाउँछ, महिला र युवालाई अवसर दिन्छ, स्थानीय अर्थतन्त्र चलायमान बनाउँछ र समुदायबिचको सम्बन्ध बलियो बनाउँछ। त्यसैले मधेशका लागि पर्यटन सामाजिक रूपान्तरणको बलियो रणनीतिक साधन बन्न सक्छ ।

नेपालको मधेश प्रदेश नेपालको पूर्ण समथर प्रदेश हो र सबैभन्दा बढी राजस्व उठ्ने नाका भएको प्रदेश पनि हो । मधेशलाई नेपालको अन्नको भण्डारका रूपमा चिनिन्छ । मधेश प्रदेशमा थुप्रै औद्योगिक संस्था पनि छन् । यहाँ सनातन, हिन्दु, बौद्ध, जैन तथा किराँत तथा प्रकृति धर्म विचार फल्दैफुल्दै आएको छ। यो प्रदेश मिथिला सभ्यता, धार्मिक आस्था, सांस्कृतिक विविधता, ऐतिहासिक सम्पदा र जीवन्त सामाजिक परम्पराको सङ्गम क्षेत्रमा परिणत भएको छ ।

यस प्रदेशको दक्षिणतर्फ भारतसँगको खुला सीमा छ। यस प्रदेशले सामाजिक रूपमा बहुभाषिक, बहुजातीय तथा समृद्ध धार्मिक-सांस्कृतिक विरासत बोकेको छ । यसको इतिहास करिब तीन हजार वर्ष पुरानो रहेको मानिन्छ । कला, संस्कृति, भाषा तथा सम्पदाको क्षेत्रमा विशिष्ट पहिचान छ । तसर्थ मधेशमा पर्यटनको सम्भावना असाधारण छ तर यति ठुलो सम्भावना हुँदाहुँदै पनि मधेशको पर्यटन क्षेत्र अझै अपेक्षित रूपमा विकसित हुन सकेको छैन ।

तथ्याङ्कले आज मधेश सामाजिक-आर्थिक विकासमा पछि परेको देखाउँछ । उदाहरणका लागि गरिबी, बेरोजगारी, सीमित उत्पादनशील रोजगारी, कमजोर सिप विकास र युवाको वैदेशिक तथा आन्तरिक बसाइँसराइ जस्ता चुनौतीसँग मधेश जुधिरहेको छ। नेपाल जीवनस्तर सर्वेक्षण २०२२/२३ अनुसार मधेशको गरिबी दर २२.५३ प्रतिशत छ, जुन राष्ट्रिय औसतभन्दा बढी हो । त्यस्तै १५-३४ वर्ष उमेर समूहका करिब २० लाख ८० हजार युवा छन्, यसलाई आर्थिक सक्रिय बनाउन नितान्त जरुरी छ। रोजगारीका सीमित अवसरका कारण ठुलो सङ्ख्यामा युवा विदेश वा देशका अन्य क्षेत्रमा गइरहेका छन् । कृषि क्षेत्रमा उच्च निर्भरता भए पनि कृषि धेरै हदसम्म निर्वाहमुखी छ । मधेशको मानव विकास सूचकाङ्क सात वटै प्रदेशको तुलना कमजोर छ। यस्तो अवस्थामा पर्यटन क्षेत्रको विकास महत्वपूर्ण मान्नु पर्छ। यद्यपि यो कृषि र उद्योगको विकल्पका रूपमा होइन कि यी क्षेत्रसँग जोडिने पूरक आर्थिक क्षेत्रको विकासका रूपमा पर्यटकीय क्षेत्र प्रभावशाली बनाउन जरुरी छ ।

मधेशको पर्यटन विकासलाई यसको बहुगुणक प्रभाव दृष्टिकोणबाट हेर्न आवश्यक छ । किनकि यससँग केवल पर्यटक होटेल व्यवसाय मात्र जोडिने छैन, यातायात, स्थानीय खाद्यान्न, किसानबाट उत्पादित वस्तु खरिद, हस्तकला र स्मृतिचिह्नको व्यापार, गाइडले पाउने रोजगारी र स्थानीय संस्कृतिको प्रचारप्रसार आदि पनि जोडिएका हुन्छन्। यसरी पर्यटकको खर्च गाउँदेखि बजारसम्म विभिन्न क्षेत्रमा फैलिने हो । त्यसै गरी मधेशका विभिन्न खानपिन परिकारदेखि मिथिला चित्रकला, माटाका भाँडा, बाँस तथा काठका सामग्रीसम्म पर्यटनसँग जोड्न सकिने असङ्ख्य स्थानीय उत्पादन पर्यटन व्यवसायसँग जोडिन आउँछ ।

विशेष गरी महिला र युवाका लागि पर्यटन क्षेत्र राम्रो अवसर बन्न सक्छ । महिला नेतृत्वको होमस्टे, स्थानीय खानपान, मिथिला कला, हस्तकला, अचार तथा घरेलु उत्पादनमार्फत महिलाको आर्थिक निर्णय क्षमता बढाउन सकिन्छ । त्यस्तै गाइड, फोटोग्राफी, डिजिटल कन्टेन्ट, ट्राभल सेवा र डिजिटल पर्यटनसँग युवापुस्तालाई जोड्न सकिन्छ । यसबाट रोजगारी सिर्जना मात्र होइन, सामाजिक गतिशीलता बढाउन मद्दत गर्ने र सामाजिक विशेष गरी जातीय र लैङ्गिक असमानतालाई घटाउन मद्दत पुग्ने छ

मधेशको प्रमुख पर्यटकीय आधार यसको धार्मिक तथा सांस्कृतिक सम्पदा नै हो । जनकपुरधामको रामजानकी मन्दिर, सप्तरीका छिन्नमस्ता, कङ्कालिनी, राजदेवी मन्दिर, सिराहाको सलहेश फूलबारी, झौहरीपोखरी, जलेश्वरनाथ महादेव, रौतहटको मौलापुर-पतौरा, बाराको गढीमाई, सिम्रौनगढ तथा पर्साका ऐतिहासिक, धार्मिकस्थल तथा प्राकृतिक सम्पदा आदिलाई एउटै पर्यटन सञ्जालमा जोड्न सकिन्छ । मिथिला चित्रकला, मैथिली तथा भोजपुरी भाषा, लोकनृत्य, लोकसङ्गीत र पर्वले मधेशलाई विशिष्ट सांस्कृतिक गन्तव्य बनाउने छ। हुलाकी बाटो हुँदै बाराको बरियारपुर-सिम्रौनगढ-गौर-जलेश्वर-जनकपुरधाम-सिराहा-राजविराजको छिन्नमस्ता, कङ्कालनी मन्दिर र कोशी रुट उत्कृष्ट पर्यटकीय रुटका रूपमा विकास गर्न सकिन्छ । त्यसै गरी महेन्द्र लोकमार्गका आसपास पनि थुप्रै एतिहासिक दृश्यावलोकन क्षेत्र छन् । पर्साको पर्सा राष्ट्रिय निकुन्ज तथा सप्तरीको कोशी टप्पु प्राकृतिक पर्यटकीय क्षेत्रमा प्रसिद्ध छन् । मधेशको ऐतिहासिक पर्यटकीय क्षेत्र केन्द्रित अनुसन्धानलाई पनि प्रोत्साहन गर्न आवश्यक छ । उदाहरणका लागि सप्तरीको छिन्नमस्ताको ऐतिहासिकता बौद्ध परम्परासँग पनि जोडिएको छ । जैनिज्म, किराँती तथा सनातन पक्षसँग यस्ता थुप्रै ठाउँ जोडिएका छन्। यसको गहन अध्ययन अनुसन्धानको आवश्यकता छ। यसलाई अन्तर्राष्ट्रिय बजारमा मधेशको नयाँ पहिचान निर्माण गर्न आवश्यक छ । यसबाट पूर्व तथा उत्तर एसियाका बौद्ध देशका मानिस पनि पर्यटकका रूपमा आउने उच्च सम्भावना छ । कम्तीमा तीन/चार दिनको प्याकेजका रूपमा यसलाई पर्यटकीय होमवर्क गर्न जरुरी छ। साथै भारतसँगको धार्मिक सम्बन्धसँग जोडेर रामायण सर्किट तथा सीमापार पर्यटनका रूपमा पनि विकास गर्दा आर्थिक रूपमा थप प्रभावकारी बन्न सक्छ ।

त्यसै गरी मधेश र पहाडलाई परिपूरक पर्यटन गन्तव्यका रूपमा विकास गर्नु पर्छ। जस्तो कि जनकपुरको मिथिला संस्कृति, चुरेको प्राकृतिक क्षेत्र, पहाडी धार्मिक स्थल र हिमाली गन्तव्यलाई एउटै पर्यटन प्याकेजमा जोड्न सकिन्छ । यसबाट अन्तरप्रदेश सामाजिक, सांस्कृतिक घनिष्ठता बढाउन सघाउने छ। पर्यटनको एउटा विशेषता के हो भने यसले स्थानीय अर्थतन्त्रमा चक्रिय प्रभाव सिर्जना गर्छ । होटेलले किसानबाट तरकारी र दुध किन्छ, पर्यटकले स्थानीय यातायात प्रयोग गर्छ, हस्तकलाको बिक्री बढ्छ र त्यसबाट स्थानीय आय बढ्छ । सन् २०२५ मा नेपालमा करिब एघार लाख पर्यटक नेपाल आएका थिए भने एक पर्यटकको राष्ट्रिय औसत दैनिक खर्च ३३.०९ अमेरिकी डलर खर्च गरेका थिए । यसबाट मधेशको पर्यटक आगमन तथा खर्च अनुमान गर्ने हो भने करिब पाँच लाख पर्यटकले औसत तीन दिन मधेशमा बिताएको खण्डमा करिब ७५० करोड रुपियाँसम्मको वार्षिक पर्यटन खर्च सिर्जना हुन सक्ने र करिब ४० हजार मानिसले रोजगारी पाउन सक्ने सम्भावना देखिन्छ ।

तर मधेशको पर्यटन विकासमा थुप्रै चुनौती पनि छन् । फोहोर व्यवस्थापन, धुलो, औद्योगिक प्रदूषण वातावरणीय पक्षसँग जोडिएका विषय हुन्। त्यसैले स्वच्छ मधेश, हरित मधेश, पर्यटन मधेशलाई पर्यटन विकासको आधारभूत अभियान बनाउन जरुरी छ । त्यसरी नै पूर्वाधार, हरित ऊर्जा, गुणस्तरीय होटेल, यातायात, स्वास्थ्य तथा सरसफाइ, प्रचारप्रसार, पर्यटकीय स्थलको संरक्षण र शान्तिसुरक्षामा सुधार आवश्यक छ । त्यसै गरी शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि व्यापक सुधार हुन आवश्यक छ ।

पर्यटन विकासका लागि सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र र स्थानीय समुदायबिच स्पष्ट जिम्मेवारी र सहकार्य आवश्यक छ । मधेश प्रदेशले पाँच वर्षको चरणबद्ध पर्यटन रणनीति बनाउन आवश्यक छ । सुरुमा वर्षमा पर्यटन गुरुयोजना निर्माण, सम्भावित पर्यटकीय गन्तव्यको पहिचान, आवश्यक पूर्वाधारको विकास तथा पहुँच सुधारमा विशेष ध्यान दिनु पर्छ । यससँगै होमस्टे, स्थानीय उत्पादन, हस्तकला र सिप विकासमार्फत स्थानीय उद्यमशीलता र रोजगारीका अवसर बढाउनु पर्छ । त्यसपछि डिजिटल प्रवर्धन र अन्तर्राष्ट्रिय ब्रान्डिङलाई प्रभावकारी बनाउँदै निजी लगानी आकर्षित गर्ने र अन्ततः दिगो तथा जिम्मेवार पर्यटन विकासतर्फ अघि बढ्न सकिन्छ ।

यसका लागि सङ्घीय सरकारले राष्ट्रिय नीति, अन्तर्राष्ट्रिय प्रवर्धन र ठुला पूर्वाधारलाई सफलताका साथ अगाडि बढाउन आवश्यक छ । प्रदेश सरकारले पर्यटन मास्टर प्लान, ब्रान्डिङ, लगानी आकर्षण र अन्तरसरकारी समन्वयमा ध्यान दिन आवश्यक हुन्छ । स्थानीय सरकारले गन्तव्य विकास, सरसफाइ, होमस्टे र स्थानीय उत्पादनलाई प्राथमिकता दिनु पर्छ । निजी क्षेत्रले लगानी र सेवा विस्तार गर्नु पर्छ भने समुदायले आफ्नो संस्कृति, कला र प्राकृतिक सम्पदाको संरक्षणमा ध्यान दिन आवश्यक हुन्छ ।

अन्त्यमा 'मधेश भ्रमण' जस्तो एकीकृत डिजिटल अभियानमार्फत विश्व बजारमा मधेशको कथा पुऱ्याउन सकिन्छ । मधेशको समृद्धिको यात्रा केवल कृषि, उद्योग वा वैदेशिक रोजगारीमा मात्र निर्भर रहन सक्दैन । पर्यटनले केवल पर्यटक ल्याउँदैन रोजगारी ल्याउँछ, आय बढाउँछ, संस्कृति जोगाउँछ, महिला र युवालाई अवसर दिन्छ, स्थानीय अर्थतन्त्र चलायमान बनाउँछ र समुदायबिचको सम्बन्ध बलियो बनाउँछ । त्यसैले मधेशका लागि पर्यटन सामाजिक रूपान्तरणको बलियो रणनीतिक साधन बन्न सक्छ ।

**साभारः गोरखापत्र**



# चाडपर्वमा कुनै शंकास्पद गतिविधि भएमा तत्काल खबर गर्न प्रहरीको आग्रह

काठमाण्डौ २२ असोज/चाडपर्वका बेला कुनै शंकास्पद वा आपराधिक गतिविधि देखे तत्काल प्रहरीलाई खबर गर्न नेपाल प्रहरीले नागरिकलाई आग्रह गरेको छ ।

चाडपर्व लक्षित सुरक्षा व्यवस्थाबारे जानकारी दिँदै नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायव महानिरीक्षक अभिनारायण काफ्लेले सम्भावित अपराध रोकथाम तथा अनुसन्धानका लागि नागरिकबाट समयमै प्राप्त हुने सूचना महत्वपूर्ण हुने बताउनुभयो ।

नागरिकले दिएको सूचना तत्काल प्रहरी परिचालनको आधार बन्ने र सूचनाको गोपनीयता कायम गरिने प्रहरीले जनाएको छ । आपत्कालीन अवस्थामा नागरिकले प्रहरीको १०० नम्बरमा नि:शुल्क फोन गर्न सक्नेछन् । सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा २४सै घण्टा फोन उठ्ने व्यवस्था मिलाइएको प्रहरीले जनाएको छ ।

चाडपर्वका समयमा बढ्न सक्ने डिजिटल ठगी, सामाजिक सञ्जालबाट फैलिने गलत सूचना, दुष्प्रचार र डीपफेक सामग्रीमाथि पनि प्रहरीले निगरानी बढाएको जनाएको छ । एआईको प्रयोगबाट हुने अनलाइन ठगीलाई समेत यसपटकको चाडपर्व लक्षित सुरक्षा योजनामा समेटिएको छ

प्रहरीले नक्कली अनलाइन सपिङ तथा चाडपर्वका अफर, नक्कली लोटरी तथा गिफ्ट म्यासेज, फेक इन्भेस्टमेन्ट तथा प्रोफिट स्किम, मोबाइल बैंकिङ तथा डिजिटल वालेट ठगी र ओटीपी, पिन तथा पासवर्ड चोरी गर्ने फिसिङबाट सावधान रहन नागरिकलाई आग्रह गरेको छ । चाडपर्वका क्रममा लामो समय घरबाहिर जाने नागरिकलाई आफ्नो घर खाली रहेको सूचना सामाजिक सञ्जालमा सार्वजनिक नगर्न प्रहरीले आग्रह गरेको छ ।

चाडपर्वका समयमा नागरिकको सुरक्षा, सहज आवागमन र शान्ति व्यवस्था कायम गर्न नेपाल प्रहरीले ५० हजारभन्दा बढी जनशक्ति परिचालन गरेको जनाएको छ ।

# पुरानो ऋण तिर्न नयाँ ऋण लिँदै सरकार

काठमाण्डौ २२ असोज/सरकारले पुरानो ऋण तिर्नकै लागि फेरि नयाँ ऋण लिने क्रम बढ्दै गएको पाइएको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आठौँ प्रतिवेदनले सरकारले आन्तरिक ऋण बढाउँदै लगे पनि त्यसको ठूलो हिस्सा पुरानो ऋणको साँवा तथा ब्याज भुक्तानीमै खर्च भइरहेको देखाएको हो ।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७८/७९ को तुलनामा २०८२/८३ मा आन्तरिक ऋण ४५ प्रतिशतले बढेको छ । यसरी परिचालन भएको ऋण नयाँ विकास निर्माण र पूँजी निर्माणमा भन्दा पुरानो दायित्व चुकाउनमै सकिने गरेकाले अर्थतन्त्र विस्तारमा अपेक्षित योगदान पुग्न सकेको छैन ।

आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ४०.७२ प्रतिशत रहेको सार्वजनिक ऋण २०८१/८२ मा बढेर ४३.७९ प्रतिशत पुगेको छ ।

चालू खर्च निरन्तर बढिरहे पनि त्यही अनुपातमा राजस्व सङ्कलन हुन नसक्दा सरकारको नियमित खर्च धान्नसमेत ऋणको भर पर्नुपर्ने अवस्था आएको आयोगले जनाएको छ ।

आर्थिक वर्ष २०७८/७९ देखि अहिलेसम्म सरकार निरन्तर बजेट घाटामा रहेको छ भने प्राथमिक बचतसमेत ऋणात्मक हुँदै गएको छ ।

आयोगले चालू खर्चमा मितव्ययिता अपनाउन, राजस्वको दायरा विस्तार गर्न र ऋण परिचालन गर्दा आर्थिक गतिविधि बढ्ने सुनिश्चितता गर्न सरकारलाई सुझाव दिएको छ ।

# मंसिर पहिलो हप्ता एमालेले राष्ट्रिय भेला गर्ने

काठमाडौं २२ असोज/नेकपा एमालेले आगामी मंसिर पहिलो हप्ता राष्ट्रिय भेला गर्ने निर्णय गरेको छ ।

भेलामा पार्टीका प्रदेश पदाधिकारी, जिल्ला पदाधिकारी, पालिकाका अध्यक्ष, उपाध्यक्ष र जनप्रतिनिधिसहित सङ्घ, प्रदेश, पालिकाका जनप्रतिनिधि उपस्थित हुने बस्नेतको भनाइ छ ।

पार्टी सचिव महेश बस्नेतका अनुसार तल्लो तहको भेला सम्पन्न गरेर मंसिर पहिलो हप्ता राष्ट्रिय कार्यकर्ता भेला काठमाडौंमा गर्ने निर्णय आजको बैठकले गरेको छ ।

'मंसिर पहिलो साता राष्ट्रिय कार्यकर्ता भेलाको रुपमा हामी भेला गर्छौं,' स्थायी कमिटी बैठकपछि उहाँले भन्नुभयो ।

मंसिर २६ गते वडा र पुस ४ गते पालिका अधिवेशन गर्ने निर्णय भएको उहाँले बताउनुभयो । नगर र वडा अधिवेशनपछि प्रदेशस्तरीय भेला गर्ने निर्णय भएको उहाँले जानकारी दिनुभयो । बैठक भोलि पनि दिउँसो १ बजे बस्ने उहाँको भनाइ छ ।

# पूर्वराष्ट्रपति भण्डारीको सपथ

काठमाण्डौ २२ असोज/पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टी अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीको वरिष्ठ नेताका रूपमा पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको छ ।

ललितपुरको च्यासलमा रहेको केन्द्रीय कार्यालयमा आज आयोजित एक समारोहमा उहाँले पद तथा गोपनीयताको सपथ लिनुभएको हो ।

राष्ट्रपति पदमा रहँदा दलीय राजनीतिबाट अलग रहनुभएकी भण्डारीको कार्यकाल सकिएपछि उहाँको राजनीतिक पुनरागमनलाई चासोका साथ हेरिएको थियो । यस शपथसँगै उहाँ ११ वर्षपछि पुनः एमालेको सक्रिय राजनीतिमा फर्किनुभएको छ । शपथ ग्रहणलगत्तै पार्टी कार्यालय च्यासलमा एमाले स्थायी कमिटीको बैठक शुरू भएको छ। वरिष्ठ नेताको हैसियतले पूर्वराष्ट्रपति भण्डारी पनि पहिलो पटक यस बैठकमा सहभागी हुनुभएको छ।

# किशोरकिशोरीका लागि च्याटजीपीटी जोखिमपूर्ण रहेको अध्ययनको निष्कर्ष

काठमाण्डौं,२२ असोज/किशोरकिशोरीले प्रयोग गर्ने च्याटजीपीटीका सुरक्षा व्यवस्था पर्याप्त नभएको एक अध्ययनले देखाएको छ।

कृत्रिम बुद्धिमत्ता अर्थात् एआई कम्पनी ओपनएआईले किशोरकिशोरीका लागि च्याटजीपीटीको प्रयोग सुरक्षित बनाउन विभिन्न सुरक्षा व्यवस्था लागू गरेको छ ।

१३ देखि १७ वर्ष उमेर समूहका प्रयोगकर्तालाई लक्षित गर्दै ओपनएआईले ३ अघि अगस्टदेखि नयाँ सुरक्षा व्यवस्था लागू गरेको बीबीसीले जनाएको छ । यसअन्तर्गत किशोरकिशोरीलाई च्याटजीपीटीसँग अत्यधिक भावनात्मक रूपमा जोडिन नदिने, यौन प्रकृतिका सामग्रीमा रोक लगाउने तथा लामो समयसम्म लगातार प्रयोग गर्दा विश्राम लिन सम्झाउने व्यवस्था गरिएको छ।

ओपनएआईका अनुसार किशोरकिशोरीले च्याटजीपीटीमा दैनिक औसत १५ मिनेटभन्दा कम समय बिताउने गरेका छन्। लामो समयसम्म प्रयोग गर्ने किशोरकिशोरीले पनि अध्ययन र विद्यालयको कामसँग सम्बन्धित विषयमा बढी प्रश्न गर्ने गरेको कम्पनीको दाबी छ । तर, गैरनाफामूलक संस्था कमन सेन्स मिडियाले गरेको नयाँ अध्ययनले भने च्याटजीपीटी किशोरकिशोरीका लागि अझै पनि 'अस्वीकार्य जोखिम' रहेको निष्कर्ष निकालेको छ।

संस्थाले १८ वर्षभन्दा कम उमेरका व्यक्तिका लागि च्याटजीपीटीको प्रयोगमा रोक लगाउनसमेत सुझाव दिएको छ।

कमन सेन्स मिडियाका अनुसार च्याटजीपीटीले किशोरकिशोरीसँग कुराकानी गर्दा साथी जस्तो व्यवहार गर्ने वा मानवीय शैलीमा कुराकानी गर्ने अवस्था पनि अझै देखिएको छ ।




यसबीच, बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यमा सामाजिक सञ्जाल तथा एआईको प्रभावबारे विश्वभर बहस बढिरहेको छ ।

किशोरकिशोरीले एआई च्याटबटको प्रयोग पढाइ र जानकारीका लागि मात्र नभई मानसिक तनाव, आत्महानी र अन्य संवेदनशील विषयमा समेत गर्न थालेकाले यसको सुरक्षा चुनौती थप गम्भीर बनेको विज्ञहरूले बताउँदै आएका छन् ।







## कलैयामा ८ लाख...

मणी अधिकारीले जानकारी दिनुभएको छ । बरामद गरिएका सामानहरूमा मोबाइलका विभिन्न पार्टस तथा सामानहरू, इलेक्ट्रोनिक सामग्रीहरू, किरानाका सामानहरू र सुर्तीजन्य सामग्रीहरू रहेका छन्। उक्त सामानहरू आवश्यक छानविनका लागि वीरगञ्ज भन्सार कार्यालय बुझाइने अधिकारीले जानकारी दिनुभयो ।

## कोल्हबीमा देउवा...

उठाउनुभएको थियो ।

चौधरीले आफ्नो कार्यकालमा नगरको कृषि, सडक, शिक्षा र स्वास्थ्य क्षेत्रमा काम अघि बढाइएको दाबी गर्दै स्थानीय तहको विकासका लागि निरन्तर पहल गरिरहेको बताउनुभयो । उहाँले अधिवेशनबाट आउने नयाँ नेतृत्वलाई सफल कार्यकालको शुभकामना दिनुभयो

कार्यक्रममा बोल्दै नगर सभापति वीरेन्द्रप्रसाद चौधरीले पार्टीलाई बलियो बनाउन आन्तरिक मतभेदलाई संगठन विरोधी गतिविधिमा परिणत गर्न नहुने बताउनुभयो । उहाँले कांग्रेसलाई व्यवस्थित र जनमुखी बनाउन कार्यकर्ताबीच सहकार्य, अनुशासन र एकताको आवश्यकता औंल्याउनुभएको थियो ।

अधिवेशनमा कांग्रेस जिल्ला कोषाध्यक्ष बासुप्रसाद चौधरी, मधेस प्रदेश प्रतिनिधि सञ्जयकुमार चौधरी, प्रदेश महाधिवेशन प्रतिनिधि सुरेशबाबु चौधरी, तरुण दलका केन्द्रीय सभापति ओमप्रकाश चौधरी, कोल्हबी नगरपालिकाकी नगर उपप्रमुख लक्ष्मीकुमारी चौधरीलगायत नेता तथा कार्यकर्ताको सहभागिता थियो ।

विशेष महाधिवेशन पक्षधरहरुले यसअघि नै बसन्त चौधरी सभापति रहेको नयाँ कार्यसमिति चयन गरिसकेको छ ।

## कांग्रेस महाधिवेशनमा...

फिर्ता लिने समय थपिँदा बिहीबार बिहान १० बजे तय गरिएको थियो ।

बिहीबार बिहान तयारी नपुगेको भन्दै दिउँसो १ बजेका लागि सारिएको थियो । त्यो समयमा पनि तयारी नपुगेपछि दिउँसो २ बजेका लागि सारिएको थियो ।

तर, दिउँसो २ बजे पनि मतदान सुरु हुन सकेन। मतपत्र छपाइमा ढिलो भएपछि शुक्रबार बिहान ७ बजेका लागि सारिएको जनाइएको छ ।

## कांग्रेस महाधिवेशनमा...

पेशागत समूहबाट र नारायणी रायमाझीले खस आर्य महिला क्लस्टरबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छन् ।

यसैबीच कांग्रेसको महाधिवेशनमा मधेसी समूहबाट सहमहामन्त्री पदका लागि ८ जना उम्मेदवार चुनावी मैदानमा छन् । सहमहामन्त्रीका लागि पूर्वसहमहामन्त्री महेन्द्र यादवसहित अजयकुमार चौरसिया, नागिना यादव, किरण यादव, अभिषेकप्रताप शाह, रामपल्टन साह, मनिषकुमार मिश्र र मुक्ताकुमारी यादवले उम्मेदवारी दिएका हन ।

यीमध्ये एक जना सहमहामन्त्रीमा निर्वाचित हुनेछन् ।

उम्मेदवारमध्ये धनुषाका महेन्द्र यादवलाई लामो समयदेखि कांग्रेसमा सक्रिय र संगठनको राम्रो अनुभव भएका नेताका रूपमा हेरिएको छ । उहाँ १४औँ महाधिवेशनमा मधेसी क्लस्टरबाट सहमहामन्त्री निर्वाचित हुनुभएको थियो। यसपटक पनि उहाँले सोही पदमा पुनः उम्मेदवारी दिनुभएको हो ।

यादव विद्यार्थी राजनीतिबाट कांग्रेसमा सक्रिय हुँदै नेपाल तरुण दलको केन्द्रीय अध्यक्षसमेत भइसकेका छन् । उनी संविधानसभा तथा व्यवस्थापिका(संसदका सदस्य र खानेपानी तथा सरसफाइमन्त्रीसमेत भइसकेका छन्। लामो समय कांग्रेसको संगठनमा काम गरेका यादवले पछिल्लो समय पार्टीभित्र एकता र साझा नेतृत्वको पक्षमा आफूलाई उभ्याउँदै आएका छन् ।

# 'खल्ती'को कर्मचारीभन्दै बैंक तथा वालेट ठगी आरोपमा बाराका १ सहित चारजना युवक ललितपुरबाट पक्राउ

काठमाण्डौं,२२ असोज/बारा र रौतहटका चार युवकले 'खल्ती'को आधिकारिक कर्मचारी भएको भन्दै सर्वसाधारणलाई फोन गरी बैंक तथा डिजिटल वालेटबाट रकम ठगी गर्ने गरेको आरोपमा प्रहरीले उनीहरूलाई ललितपुरबाट पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा रौतहट ईशनाथ नगरपालिका( ३ का २३ वर्षीय सुभमकुमार झा, बारा सिम्रौनगढ नगरपालिका( १० का २० वर्षीय अनिकेत यादव, रौतहट ईशनाथ नगरपालिका( ३ का २२ वर्षीय पवनकुमार चौधरी र रौतहट गरुडा नगरपालिका( १ का २१ वर्षीय रिसी गंगा रहेका छन् । उनीहरूले विभिन्न




मोबाइल नम्बरबाट फोन गरी आफू 'खल्ती'को आधिकारिक कर्मचारी भएको बताउने, स्क्रिन सेयर गर्न लगाउने तथा ओटीपी कोड लिनेजस्ता कार्य गरी सर्वसाधारणका बैंक तथा वालेट खातामा अनधिकृत पहुँच पुऱ्याउने गरेको प्रहरीले जनाएको छ ।

त्यसपछि खातामा रहेको रकम विभिन्न व्यक्तिका खातामा स्थानान्तरण गरी ठगी गर्ने गरेको आरोपमा उनीहरूलाई असोज २१ गते अपराह्न करिब ४ बजे ललितपुर महानगरपालिका( २८ हात्तीवनस्थित मेरो सिटी अपार्टमेन्टको १३औं तल्लामा रहेको कोठा नम्बर त्भ/१३०५ बाट पक्राउ गरिएको हो ।

प्रहरीका अनुसार पक्राउ परेकाहरूलाई अनलाइन ठगी तथा लागूऔषध मुद्दामा असोज २२ गते भक्तपुर जिल्ला अदालतमा पेश गरिएको थियो । अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिएर उनीहरूमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर भक्तपुरले जनाएको छ ।

# सिरहामा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु, चालक पक्राउ

सिरहा, २२ असोज/सिरहाको गोलबजार नगरपालिका( २ गुरुधाम चोकस्थित पूर्व(पश्चिम महेन्द्र राजमार्गमा मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा गोलबजार नगरपालिका( ३ का ७८ वर्षीय कमलबहादुर श्रेष्ठ रहेका छन् ।

बिहिवार बिहान करिब ६:०० बजे कसहाबाट मिर्चैयातर्फ जाँदै गरेको प्रदेश १(०५(००१ प १६३६ नम्बरको मोटरसाइकलले बाटो काट्दै गरेका श्रेष्ठलाई ठक्कर दिएको थियो ।

ठक्करबाट गम्भीर घाइते भएका श्रेष्ठलाई तत्काल लाइफ लङ्ग अस्पताल पुऱ्याई सामान्य उपचारपछि थप उपचारका लागि विराटनगर रेफर गरिएको थियो । तर उपचारका क्रममा सुनसरीको हरिनगरास्थित सरकारी अस्पतालमा ईसीजी तथा जाँच गर्दा चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए ।

प्रहरीले घटनामा संलग्न मोटरसाइकल र चालक विमलकुमार चौधरीलाई इलाका प्रहरी कार्यालय गोलबजारको नियन्त्रणमा लिएर थप अनुसन्धान अगाडि बढाएको जनाएको छ ।

# तोकिएकोभन्दा बढी गाडीभाडा लिनेलाई कारबाही हुने



काठमाण्डौ २२ असोज/नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले चाडपर्वको समयमा तोकिएकोभन्दा बढी गाडी भाडा नलिन आग्रह गरेको छ ।

महासंघका महासचिव डेकनाथ गौतमका अनुसार सरकारले तोकेकोभन्दा बढी भाडा लिने गाडीलाई कारबाही हुनेछ । यस वर्षको दशैंका लागि भोलिदेखि यात्रुबाहक गाडीको अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय भइसकेको छ ।

यात्रु तथा मालवाहक यातायात सञ्चालनलाई सहज, व्यवस्थित र सुरक्षित बनाउन यातायात व्यवस्था विभाग, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ, मजदुर सङ्घ(सङ्गठन, प्रहरी प्रधान कार्यालय तथा उपत्यका ट्राफिक प्रहरी कार्यालयबीच अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय भएको हो ।

महासङ्घले सात प्रदेश, जिल्ला समिति तथा सदस्य सङ्घ(संस्था र काठमाण्डौको गोङ्गबु बसपार्कमा कार्यरत शाखा प्रमुख तथा कर्मचारीलाई आवश्यक निर्देशन दिएको छ । महासङ्घका अनुसार अग्रिम टिकट बुकिङ काउन्टरमा खटिने कर्मचारीले तोकिएको पोशाक र परिचयपत्र अनिवार्य लगाउनुपर्नेछ । यात्रुसँग नम्र व्यवहार गर्दै सहज रूपमा टिकट उपलब्ध गराई सुरक्षित यात्राको सुनिश्चितता गर्नुपर्नेछ

दशैंको भीडलाई व्यवस्थापन गर्दै असोज २५ गते घटस्थापनादेखि आउँदो कात्तिक ८ गतेसम्म नारायणगढ( काठमाण्डौ सडकखण्डमा ट्रेलरलगायत ठूला गाडी चलाउन रोक लगाइने छ । प्रचलित कानुनअनुसार खाद्य सामग्री, औषधि, फलफूल तथा अन्य अत्यावश्यक सामग्री बोकेका गाडीको आवतजावतमा भने कुनै रोक लाग्ने छैन ।

त्यसैगरी, घटस्थापनादेखि आउँदो कात्तिक १० गतेसम्म यात्रुवाहक गाडीका लागि देशभर लामो तथा मध्यम रुट परमिट खुला गरिएको छ ।

# पार्टी औपचारिक रूपमा विभाजित : नेता निधि

जनकपुरधाम, २२ असोज/नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले पार्टी औपचारिक रूपमा विभाजित भएको घोषणा गर्नुभएको छ ।

जनकपुरमा आयोजित एक कार्यक्रममा बोल्दै निधिले विशेष महाधिवेशनले कांग्रेसलाई वैचारिक र साङ्गठनिक रूपमा दुई धारमा बाँडिदिएकाले अब 'नयाँ घर' निर्माणको दिशामा अघि बढ्नुको विकल्प नरहेको बताउनुभएको हो ।



निधिले पार्टी विभाजनको मुख्य जिम्मेवार विशेष महाधिवेशन बोलाउने पक्ष नै रहेको आरोप लगाउनुभयो । लोकतन्त्र केवल सिद्धान्त मात्र नभएर प्रक्रिया र पद्धति पनि भएको स्मरण गराउँदै उहाँले बहुमतका आधारमा मात्रै पार्टी नचल्ने तर्क गर्नुभयो । निर्वाचन आयोगमा पेस गरिएको तथ्याङ्क अनुसार आफूहरूसँग ४६ प्रतिशतको बलियो आधार रहेको दाबी गर्दै उहाँले उक्त मतलाई बेवास्ता गरेर गरिएका निर्णयहरू अमान्य हुने जिकिर गर्नुभयो

विशेष महाधिवेशन र त्यसपछिका घटनाक्रमले पार्टीलाई जोड्न नसक्ने भएकाले नयाँ ढङ्गले साङ्गठनिक यात्रा तय गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । 'विशेष महाधिवेशन बोलाउनेले नै पार्टी फुटाएको हो,' निधिले भन्नुभयो, 'हामीले सुरुदेखि नै प्रक्रियाको कुरा उठाउँदा बेवास्ता गरियो। पुराना पुस्ताका नेताहरू अझै जिम्मेवारी पूरा गर्दै हुनुहुन्छ, त्यसैले हामीले मिहिनेतका साथ नयाँ कार्यदिशा तय गर्नुपर्छ। गिरिजाबाबु र शेरबहादुरजी मिल्न तीन वर्ष लागेजस्तै परिस्थिति कहिले कस्तो हुन्छ भन्न सकिन्न । तर अहिले आफ्नो घरलाई अझ मजबुत बनाउनु र सङ्गठन निर्माण गर्नु नै हाम्रो प्राथमिकता हो ।'

आगामी स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै निधिले कार्यकर्ताहरूलाई वडा तहबाटै नयाँ ऊर्जाका साथ खटिन निर्देशन दिनुभयो । युवा पुस्तालाई नेतृत्वमा ल्याउनुपर्नेमा जोड दिँदै उहाँले आफू वैचारिक रूपमा अझै सक्रिय रहेको र पार्टी पुनर्निर्माणका लागि प्रतिबद्ध रहेको बताउनुभयो ।

पञ्चायत कालको उदाहरण दिँदै सङ्गठन बलियो भए जुनसुकै अवरोध पार गर्न सकिने भएकाले निराश नहुन उहाँले कार्यकर्ताहरूलाई आग्रह गर्नुभयो

# पोखरामा माटोको ढिस्कोले पुरिँदा दुई मजदुरको मृत्यु

काठमाडौं २२ असोज/पोखरा महानगरपालिका(१८ अधेरीकुनामा घरको जग खन्ने क्रममा माटोको ढिस्को खस्दा पुरिएर दुई जना मजदुरको मृत्यु भएको छ ।

मृत्यु हुनेमा पर्वतको महाशिला गाउँपालिका( ६ फलामखानी घर भएका २९ वर्षीय विक्रम सुनार र गोरखाको पालुङटार नगरपालिका( ७ बस्ने ३७ वर्षीय राजु कुमाल रहेका जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी निरीक्षक दीपकप्रसाद रिजालले जानकारी दिनुभयो ।

उहाँका अनुसार आज दिउँसो घरको जग खन्ने क्रममा करिब सात फिट गहिरो खाल्डोमा काम गरिरहेका दुई जना मजदुर माथिबाट माटोको ढिस्को खसेर पुरिएका थिए । घटनाको जानकारी प्राप्त भएपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीको संयुक्त टोलीले तत्काल उद्धार कार्य सुरु गरेको थियो ।

उद्धार टोलीले पुरिएका दुवै जनालाई माटो पन्छाएर उद्धार गरी उपचारका लागि मणिपाल शिक्षण अस्पताल लगेको थियो । मृतक सुनारलाई अपहरान्न ४:३५ बजे उद्धार गरिएकामा चिकित्सकले ५:०० बजे मृत घोषणा गरेका जनाउँदै कुमाललाई साँझ ६:०० बजेमात्र उद्धार गरिएकामा ६:२६ बजे मृत घोषणा गरेको प्रहरी निरीक्षक रिजालले बताउनुभयो ।

# महोत्तरीमा अवैध कपडासहित दुई मोटरसाइकल बरामद

महोत्तरी, २२ असोज/सशस्त्र प्रहरीले भारतबाट भन्सार छली नेपालतर्फ भित्र्याइँदै गरेको ठूलो परिमाणमा कपडासहित दुई वटा मोटरसाइकल नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल नं. ९ गण हेडक्वाटर महोत्तरीबाट खटिएको नियमित मोटरसाइकल गस्ती टोलीले जिल्लाको रामगोपालपुर नगरपालिका( २ स्थित टेगर रोड क्षेत्रबाट उक्त अवैध सामान बरामद गरेको हो ।

बरामद गरिएका कपडा र मोटरसाइकलको जम्मा बजार मूल्य पाँच लाख २५ हजार बराबर रहेको सशस्त्र प्रहरीले जनाएको छ । गस्तीमा रहेको प्रहरी टोलीलाई देखेपछि सामान ल्याउँदै गरेका तस्करहरू भने सामान र मोटरसाइकल छाडेर फरार भएका थिए ।

बरामद गरिएका कपडा तथा मोटरसाइकललाई आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

# 'एल निनो' प्रभावकै बीच नेपालमा मनसुन अवधिमा औसतसरह वर्षा

काठमाण्डौ २२ असोज/प्रशान्त महासागरमा विकसित 'एल निनो' प्रणालीका कारण नेपालमा यो वर्षको मनसुनमा औसतभन्दा कम वर्षा हुने अनुमान रहे पनि औसतसरह वर्षा भएको छ ।

जल तथा मौसम विज्ञान विभागले मनसुन शुरू हुनुअघि यस वर्ष औसतभन्दा कम वर्षा हुने अनुमान सार्वजनिक गरेको थियो । तर विभागको पछिल्लो विवरणअनुसार मनसुन प्रवेश गरेको जुन १९ तारिखदेखि अहिलेसम्म झन्डै ९५ प्रतिशत वर्षा भइसकेको छ

सामान्यतया नेपालमा मनसुनभरिमा १ हजार ५०० मिलिमिटर पानी पर्ने गरेकोमा यस पटक १ हजार ३२६ मिलिमिटर वर्षा रेकर्ड भएको छ

मौसमविद्हरूका अनुसार मधेश प्रदेशमा औसतभन्दा केही कम वर्षा हुँदा गण्डकी प्रदेश, बागमतीका काठमाण्डौ र सिन्धुपाल्चोक आसपासका क्षेत्रमा भने औसतभन्दा धेरै पानी परेको छ । जुम्ला, जोमसोम र काठमाण्डौ विमानस्थलमा धेरै वर्षा मापन गरिएको छ भने धनगढी, नेपालगञ्ज, जनकपुर र विराटनगरलगायतका क्षेत्रमा औसतभन्दा कम वर्षा भएको छ ।

अहिले देशका धेरैजसो ठाउँबाट मनसुन बाहिरिइसकेको छ । केही भूभागमा अझै पनि पश्चिमी वायु र स्थानीय प्रणालीको सामान्य प्रभाव बाँकी रहेकोले अझ पनि वर्षा थपिन सक्छ ।

त्रिवि जल तथा मौसम विज्ञान विभागका सहप्राध्यापक मदन सिग्देलका अनुसार एल निनोको प्रभाव दक्षिण एशियासम्म आइपुग्न समय लागेकाले मनसुनको समयमा यसको असर नेपालमा सोचेजस्तो नदेखिएको हो । यसबाहेक स्थानीय मौसमी प्रणाली र मनसुनको अन्त्यतिर आएको न्यून चापीय प्रणालीले पनि वर्षा गराउन सहयोग पुऱ्याएको छ ।

आउँदो नोभेम्बरमा उत्कर्षमा पुग्ने अनुमान रहेको एल निनो प्रणालीका कारण नेपालमा यसपालि हिउँदे वर्षा कम हुन सक्ने जोखिम छ । लगातार तीन वर्षदेखि घट्दै गएको हिउँदे वर्षाले यस वर्ष कृषि र खाद्य सुरक्षामा थप चुनौती थप्न सक्ने विज्ञहरूको चिन्ता छ ।

# कांग्रेस महाधिवेशनमा अब भोलि मतदान

काठमाण्डौं,२२ असोज/नेपाली कांग्रेसको १५औं महाधिवेशनमा मतदानको समय फेरि सरेको छ ।

कांग्रेस केन्द्रीय निर्वाचन समितिका अनुसार, अब शुक्रबार मतदान सुरु गरिनेछ । शुक्रबार बिहान ७ बजे मतदान सुरु हुने निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले जानकारी दिनुभयो ।

केही प्राविधिक कारण र तयारी नपुगेकाले मतदान समय सारिएको जनाएको छ । कांग्रेस महाधिवेशनमा चौथो पटक समय सारिएको हो ।

निर्वाचन समितिले बुधबार मतदान गर्ने निर्वाचन कार्यतालिका सार्वजनिक गरेको थियो। तर, उम्मेदवारी

बाँकी तेश्रो पेजमा


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

मधेश प्रदेश, पर्सा जिल्ला, वीरगंज महानगरपालिका, वडा नं. ३० मा बिचुटेन डेटा भल्ट प्रा.लि. द्वारा बिचुटेन डेटा सेन्टर (एकाइ एक) निर्माण तथा सञ्चालन गर्ने प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयारीको क्रममा वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ को प्रयोजनार्थ सार्वजनिक सुनुवाई कार्यक्रम, प्रस्तावित डेटा सेन्टर (एकाइ एक) निर्माण स्थलमा मिति: २०८३/६/२८ गते बुधबारका दिन बिहान १०:३० बजे स्थानीय तथा सरोकारवालाहरुको उपस्तिथीमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्थीतिको लागि हार्दिक अनुरोध गर्दछौ।

आयोजक

**बिचुटेन डेटा भल्ट प्रा.लि.**

बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. ५, कुमारीपाटी

फोन नं.: ९८१७१३४७०६


प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३